स्थानीय सरकार
बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुर्झुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल
☎ ९८५५०७२०७२
☎ ९८४९१६२७७२

प.सं. :२०८२।०८३
च.नं. :

# चमेना गृह सञ्चालनार्थ शिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०८/१६ गते)

*ने.सं. ११४६ थिंलाथ्व द्वादशी, मङ्गलबार*

बागमती गाउँपालिकाका जनप्रतिनिधि, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी, बागमती गाउँपालिकामा पाल्नुहुने आगन्तुक एवं कार्यालयबाट प्रदान गरिने सेवा प्राप्त गर्न आउने सबै सेवाग्राहीहरुलाई सस्तो, सुलभ तथा गुणस्तरीय खाजा-खानाको व्यवस्था गर्न गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीको खाजा खाने समयको बचत गरी नागरिकहरुलाई तोकिएको समयमा बिना झन्झट छिटो, छरितो तवरले सेवा प्रदान गर्न गाउँ कार्यपालिकाको कम्पाउण्ड भित्र चमेना गृह संचालन गर्नु पर्ने भएको हुँदा देहाय बमोजिमको शर्तको अधीनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा ईच्छुक व्यावसायिक फर्म वा व्यवसायीहरुले तोकिएको खाना/खाजा एवं परिकारको ईकाइ अनुसार अनुमानित अधिकतम दररेटमा नबढ्ने गरी के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ? एवं बार्षिक न्यूनतम भाडामा के-कति बढाबढ रकममा भाडा तिर्न सकिन्छ? उक्त कुराहरु उल्लेख गरी शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना आह्वान गरिएको छ।

शर्तहरुः

१. दरभाउपत्र फाराम दस्तुर बापत रु. १०००/- (अक्षरेपि एक हजार रुपैयाँ मात्र) दस्तुर बागमती गाउँपालिकाको राजश्व शाखामा बुझाई वा सानिमा बैंक बागमती शाखामा रहेको बागमती गाउँपालिकाको ग-१-१ आन्तरिक राजश्व खाता नं. ०६२०१००४००००००३ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गरी सञ्चालकको नेपाली नागरिकता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN), व्यवसाय दर्ता गरेको प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको करचुक्ता एवं म्याद थपको छाँयाप्रति खामबन्दी दररेट साथ पेश गर्नुपर्नेछ।

२. दरभाउपत्र नियमानुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ०२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। सोही दिनको ०२:०० बजे दरभाउपत्रदाता वा प्रतिनिधिको रोहबरमा खोलिनेछ। उक्त दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दरभाउपत्र खोलिनेछ। शिलबन्दी दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र खाम बन्दी गरी बाहिर दरभाउपत्र दाताको नाम, ठेगाना, सम्पर्क नं. सिलबन्दी लाहाछाप संख्या, दरभाउपत्रमा आधिकारिक व्यक्ति एवं फर्मको सही छाप भएकोलाई मात्र मान्यता दिईनेछ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

५. चमेनागृहका लागि आवश्यक पर्ने सरसफाइजन्य पानी, बिजुली, कुर्सी, टेबल, भाँडावर्तन लगायत आवश्यक सामग्रीको व्यवस्था गाउँपालिकाले गर्नेछ। सो वापत चमेना गृह संचालकले न्यूनतम बार्षिक भाडा रु. १,८०,०००/- मा अधिकतम कबोल अंकको दामासाही रुपमा हुन आउने मासिक भाडा उपलब्ध गराउनु पर्नेछ। गाउँपालिकाले उपलब्ध गराएको फर्निचर एवं सामग्री लगायतका अन्य उपकरणहरु हराएमा वा टुटफुट भएमा संचालक स्वयम् जिम्मेवार हुनेछ।

६. चमेना गृहको सञ्चालनको लागि धरौटी रकम न्यूनतम रु. १,८०,०००/- मा अधिकतम बोलकबोल वार्षिक भाडा रकमको ५० प्रतिशतले हुने रकम संचालकले सम्झौताको बखत १ महिनाको अग्रिम भाडा सहित सनिमा बैंक बागमती शाखामा रहेको धरौटी रकमको हकमा बागमती गाउँपालिकाको ग-३ स्थानीय तह धरौटी खाता नं. ०६२०१००२०००००२ मा एवं भाडा बापतको रकमको हकमा ग-१-१ आन्तरिक राजश्व खाता नं. ०६२०१००४००००००३ मा जम्मा गर्नु पर्ने तथा तत् पश्चात् संचालकले महिना सकिएको एक साता भित्र आगामी महिनाको भाडा गाउँपालिकामा उल्लिखित आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

७. चमेना गृह सञ्चालकले खाद्य स्वच्छताको आधारमा होटल रेस्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४ मा भएका व्यवस्थाहरुको आधारमा पूर्ण पालना गर्नुपर्नेछ। क्यान्टिनको सरसफाई प्रतिको प्रतिबद्धता र गुणस्तरीयता कायम राख्न चमेना



ओम बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुरभुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०७२०७२
☎ ९८४९१६२७७२

प.सं. :२०८२।०८३
च.नं. :

गृह सञ्चालकको दायित्व हुनेछ। कानुनी अधिकार प्राप्त निकाय र कार्यालयबाट समय-समयमा चमेना गृहको निरीक्षण गरिनेछ र यसरी निरीक्षण गर्दा चमेना गृहबाट उपलब्ध गराईने खाद्य परिकारको परिणाम गुणस्तर एवं चमेना गृह वरपरको सरसफाई सेवा-प्रवाह सन्तोषजनक नभएको पाइएमा कार्यालयले निर्णय गरी जुनसुकै बखत हटाउन वा आवश्यक कार्वाही गर्न सक्नेछ।

८. तोकिएको भन्दा न्यून गुणस्तर/परिमाणको सेवा प्रवाह गरेमा गाउँ कार्यपालिकाको कार्यालयले धरौटी जफत गरी जुनसुकै बखत सम्झौता रद्द गर्न सक्नेछ। बार्षिक भाडामा अधिकतम अंक एवं दररेटमा न्यूनतम अंक कबोल गरी सम्झौता नगर्ने दरभाउपत्र दाताको धरौटी जफत गरिनेछ।

९. चमेना गृह सञ्चालनको अवधि १२ (बाह्र) महिना सम्मका लागि हुनेछ। कार्यालयलाई आवश्यक परेमा चमेना गृह सञ्चालकको सेवा सन्तोषजनक भएमा आवश्यकता अनुसार चमेना गृह सञ्चालनको समयावधि थप समेत गर्न सकिन्छ।

१०. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयको हुनेछ।

११. माथि उल्लेख नभएका शर्तहरुको हकमा आपसी समझदारी, कार्यालयको निर्णय वा प्रचलित कानुन अनुसार हुनेछ।

१२. चमेना गृहबाट उपलब्ध गराउन पर्ने खाना/खाजाको परिकार इकाई र मूल्य सूची बागमती गाउँपालिकाको चमेना गृह व्यवस्थापन कार्यविधि, २०८१ मा उल्लेख भए बमोजिम हुने र सो बाहेक आवश्यकता अनुसार कार्यालयको स्वीकृति लिई सञ्चालकले खाना/खाजाको परिकार थप गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको website: https://bagmatimunmakawanpur.gov.np वा मो. ९८४५९२३४४३ मा सम्पर्क गर्न सकिनेछ।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत